# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

## ववरमहल, काठमाडौं

## <u>चाडपर्व लक्षित संयुक्त बजार अनुगमन कार्ययोजना, २०८०</u>

### पृष्ठभूमि

आम उपभोक्ताहरुबाट आसन्न दशैं, तिहार, छठ लगायतका चाडपर्वहरुको समयमा अत्यावस्यक वस्तु तथा सेवाहरुको उच्च माग हुने भएकोले यही मौकामा केही व्यावसायिक फर्म र संस्थाहरुले उपभोक्ताहरुको हित विपरित कार्य गरी अनुचित लाभ लिने संभावना रहेकोले त्यस्ता अनुचित ब्यापारिक गतिविधि गरी  मूल्य बृद्धि गर्ने, उपभोक्ता ठगी गर्ने, कृतिम अभाव सिर्जना गर्ने, विलबिजक नदिने, कार्टेलिङ्ग गर्ने, न्यून गुणस्तर र म्याद गुज्रेका वस्तुहरुको विक्री वितरण गर्ने जस्ता उपभोक्ता अधिकार विपरीतका कार्य तथा अनुचित व्यापारिक क्रियाकलाप गर्ने उपर नियन्त्रण गरी अत्यावश्यक वस्तु तथा सेवा लगायत अन्य उपभोग्य बस्तुहरुको पैठारी, उत्पादन, सञ्चय, र विक्री वितरणमा स्वच्छता र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणका लागि वस्तु तथा सेवाको उचित मूल्य, गुणस्तर, शुद्धता र परिमाणमा नियमित आपूर्तिको व्यवस्था मिलाउन र उपभोक्ता हित विपरीतका कार्य हुन नदिन चाड पर्व लक्षित संयुक्त बजार अनुगमन कार्यक्रम, २०८० संचालन गर्नुपर्ने आवश्कता देखिएको छ।

नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको हकमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने र गुणस्तरहीन वस्तु वा सेवावाट क्षति पुगेको ब्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ। यसै गरी उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार रहेको छ। संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम प्रत्येक उपभोक्ताले गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार, वस्तु वा सेवामा सहज पहुँच, स्वच्छ वा प्रतिष्पर्धात्मक मूल्यमा छनौट गर्न पाउने अधिकार, मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि वारे सूचित हुन पाउने, दुई वा सो भन्दा बढी पदार्थको मिश्रणबाट बनेको वस्तुमा मात्रा, तत्व वा प्रतिशतको बारेमा उत्पादक, पैठारीकर्ता वा बिक्रेताबाट जानकारी पाउने अधिकार, जिउ ज्यान, स्वास्थ्य, सम्पत्तीमा हानी पुर्याउने वस्तु वा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने, अनुचित व्यापारिक क्रियाकलाप विरुद्ध कानूनी कारवाही गराउन पाउने, वस्तु वा सेवा प्रयोगबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने र उपभोक्ता हकहित संरक्षणको लागि अधिकार प्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाइ हुने अधिकार सुनिश्चित गरेको छ।

साथै,नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा समेत उपभोक्ताको हित संरक्षण गरिने, सबै प्रकारका सिन्डिकेट र कार्टेलिङ्गको अन्त्य गरी व्यापारिक कारोवारमा नैतिकता, स्वच्छता, प्रतिस्पर्धी र अनुशासन कायम गर्ने तथा **<u>बजार अनुगमनलाइ थप प्रभावकारी बनाइ मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गर्ने</u>** नीति लिइएको छ।

**लक्ष्यः**

चाडपर्वका समयमा हुनसक्ने उपभोक्ता हित र अधिकार विपरीतका सबै कार्य नियन्त्रण गरि वस्तु र सेवाको मूल्य र गुणस्तरमा स्वच्छता कायम गर्न बजार अनुगमन कार्य सघन र प्रभावकारी बनाउने।

**कार्ययोजनाको उद्देश्यः**

चाडपर्व लक्षित बजार अनुगमनको कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्

१. वस्तु र सेवाको गुणस्तर र मूल्यमा स्वच्छता कायम गर्न संयुक्त बजार अनुगमन टोली गठन गरी सघन, प्रभावकारी र नतिजामूलक रुपमा परिचालन गर्ने,

२. नियमित, उजुरीमा आधारित तथा आकस्मिक बजार अनुगमन टोली परिचालन गरी उपभोक्ताको अधिकार संरक्षण गर्ने,

३. बजारमा देखिने सबै प्रकारका सिन्डिकेट, कालाबजारी, कृतिम अभाव र अस्वाभाविक मूल्य वृद्धि नियन्त्रण गरी उपभोक्ता ठगी गर्ने प्रबृतिलाई निरुत्साहित गर्न प्रदर्शनीय कारवाही गर्ने,

४. अधिकतम खुद्रा मूल्य वास्तविक भए नभएको यकिन गर्न र अस्वाभाविक मूल्य बृद्धि नियन्त्रण गर्नका लागि पैठारीकर्ता, उत्पादक र वितरकबाट अत्यावश्यक वस्तुको बिक्री लागत सम्बन्धी विवरण माग गरी अध्ययन गर्ने,

५. उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित कानून, नियमावली तथा निर्देशिका बमोजिम संयुक्त टोली परिचालन गर्दा निकायगत प्रभावकारी कानूनद्धारा कारवाही गर्ने,

६. उपभोक्ता संरक्षण सम्बन्धी राष्ट्रिय / अन्तराष्ट्रिय मान्यता तथा सो संग सम्बन्धित ऐन तथा नियमावलीमा उल्लिखित उपभोक्ताका हित र अधिकारका विषय र पैठारीकर्ता, उत्पादक र विक्रेताको दायित्वबारेमा सरोकारवालालाई सुसूचित गराउने,

७. संबैधानिक व्यवस्था कानूनी प्रावधान अनुसार अनुसार ३ बटै तहका सरकार र जिल्ला प्रशासन कार्यालयहरुलाई अनुगमन कार्यलाई प्रभावकारी बनाउन निरीक्षण अधिकृत नियुक्ति गरी बजार अनुगमन कार्यको नियमित प्रतिबेदन लिने,

८. सरकारी, निजी क्षेत्र, उपभोक्ता संरक्षणकर्मी, मिडिया लगायतका सरोकारवाला निकायसंग स्वच्छ बजार कायम गर्न तथा वस्तु र सेवाको मूल्य र गुणस्तर कायम गर्ने कार्यमा सहकार्य एवं समन्वय गर्ने र

९.बजार अनुगमन निरीक्षण अधिकृतहरुलाई समयानुकुल प्रविधि, विधि र पद्धतिसंग अभ्यस्त र अद्यावधिक गरी दक्षता अभिवृद्धि गर्ने, बजार अनुगमन आचारसंहिता पालना गराउने।

**रणनीति**

- सरोकारवाला निकायहरु समेतको सहभागितामा संयुक्त बजार अनुगमन टोली परिचालन गर्ने।
- कृतिम मूल्य बृद्धि गर्ने र न्यून गुणस्तरका वस्तु तथा सेवाको उत्पादन, विक्री, संचय गर्ने शंकास्पद फर्म व्यक्ति संस्थाको पहिचान, निगरानी र निरीक्षण गर्न ईन्टेलिजेन्स टोली परिचालन गर्ने।
- उच्च माग भएका अत्यावश्यक बस्तु तथा सेवाको र उत्पादक, पैठारीकर्ता, डिलर र थोक तथा खुद्रा विक्रेताको सूचि तयार गर्ने।
- अत्यावश्यक वस्तु तथा सेवाको उत्पादक, पैठारीकर्ता, डिलर र थोक तथा खुद्रा विक्रेता तहमा हुने मूल्य बृद्धिको विश्लेषण गर्ने।
- उपभोक्ता हित अभिबृद्धि गर्न र स्वच्छ बजार प्रणाली बिकास गर्नका लागि बजार अनुगमन मार्फत् उत्प्रेरणात्मक र दण्डात्मक कार्यहरु गर्ने।

**कानुनी व्यवस्था**

संयुक्त बजार अनुगमन कार्यलाइ सघन, प्रभावकारी र नतीजामुखी बनाइ उपभोक्ता अधिकारको संरक्षण र प्रबर्द्धन गर्न तथा बजारलाई स्वच्छ र उपभोक्ता मैत्री वनाई वस्तु र सेवाको गुणस्तरीयता कायम गर्न देहाय अनुसारका मुख्य कानुनी व्यवस्था रहेका छन्।

- खाद्य ऐन, २०२३
- नापतौल ऐन, २०२५; स्टयाण्डर्ड नाप र तौल नियमहरु, २०२७
- कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- औषधी ऐन, २०३५
- नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ र नियमावली, २०४०
- उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली, २०७६
- बजार अनुगमन निर्देशिका, २०७९
- बजार अनुगमन टोलीको आचारसंहिता, २०७७।

**कार्ययोजनाः**

चाडपर्ब लक्षित बजार अनुगमन कार्यलाइ सघन, प्रभावकारी र नतिजामुखी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु र सेवाको नियमित उपलब्धता हुने वातावरण सिर्जना गरी सहज आपूर्तिको व्यवस्था मिलाउन देहाय अनुसारको कार्ययोजना तयार गरिएको छ।

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार/ सहयोगी निकाय | उपलब्धि मापन सूचक | अपेक्षित उपलब्धि | कै |
|---|---|---|---|---|---|---|
| १ | अत्यावश्यक लगायत अन्य उपभोग्य वस्तु र सेवाको गुणस्तर र मूल्यमा स्वच्छता कायम गर्न तथा बजारमा देखिने सबै प्रकारका सिन्डिकेट, कालाबजारी, कृतिम अभाव, अस्वभाविक मूल्य वृद्धि नियन्त्रण गरी उपभोक्ता ठगी गर्ने प्रबृतिलाई निरुत्साहित गर्न संयुक्त बजार अनुगमन टोली गठन गरी सघन, प्रभावकारी र नतिजामूलक रुपमा परिचालन गरी प्रदर्शनीय कारवाही गर्ने। | क) खाद्यान्न, किराना, डिपार्टमेन्टल स्टोर, मार्ट र ग्रोसरीले गर्ने कारोवारको उपभोक्ता हित संरक्षण सम्बन्धी विषयमा अनुगमन गर्ने। | **जिम्मेवार निकायः** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र मातहतका कार्यालयहरु, ७ वटै प्रदेश स्थित वाणिज्य हेर्ने मन्त्रालयहरु तथा निर्देशनालयहरु, ७५३ वटै स्थानीय तहहरु, ७७ वटै जिल्ला प्रासन कार्यालयहरु, इलाका प्रशासन कार्यालयहरु र घरेलु तथा साना उद्योग कार्यालयहरु। | असोज महिनामा कम्तीमा २०० वटा र कार्तिक महिनामा कम्तीमा १५० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | बजार अनुगमन कार्य सघन, प्रभावकारी र प्रदर्शनीय भइ उपभोक्ता हित संरक्षण र ठगी, कालोबजार, कार्टेलिङ्ग, मूल्य वृद्धि लगायत अन्य अनुचित व्यापारिक क्रियाकलाप नियन्त्रण भएको हुने। तोकिएको लक्ष्य अनुसार व्यापारिक कारोवारको संयुक्त रुपमा बजार अनुगमन भएको हुने। | |
| | | ख) तरकारी तथा फलफूल व्यवसायको मुख्य व्यापारिक केन्द्रहरुमा गुणस्तर र मूल्यको अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा ५० वटा र कार्तिक महिनामा कम्तीमा ५ वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ग) चाडपर्बको बखत अत्याधिक माग र विक्री हुने माछा मासुजन्य वस्तरहरुको संचय, विक्री वितरण र व्यापारिक स्थलहरुमा गुणस्तर र मूल्यलाइ विशेष आधार बनाइ विज्ञ टोलीद्धारा अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा ४० वटा र कार्तिक महिनामा कम्तीमा १० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | घ) मिठाइ, दुध र डेरीजन्य उत्पादनहरुको गुणस्तर, मूल्य तथा उपभोग्य म्यादका सम्बन्धमा अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा ३० वटा र कार्तिक महिनामा कम्तीमा १७ वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ङ) रेडिमेड कलेक्शन, फेन्सी पसल, गिफ्ट पसल र खेलकुद तथा स्टेशनरी सामाग्रीहरुको विक्री गर्ने कारोवार | | असोज महिनामा कम्तीमा ६२ वटा र कार्तिक महिनामा कम्तीमा २२ वटा व्यवसायिक स्थलहरुको | | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार/ सहयोगी निकाय | उपलब्धि मापन सूचक | अपेक्षित उपलब्धि | कै |
|---|---|---|---|---|---|---|
| | | स्थलहरुमा अनुगमन गर्ने। | **सहयोगी निकायः** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल नापतौल तथा गुणस्तर विभाग, आन्तरिक राजस्व विभाग, कृषि विभाग, पशु सेवा विभाग, औषधी व्यवस्था विभाग, नेपाल बयल निगम, साल्ट ट्रेडिङ्ग, नेपाल उपभोक्ता वाणिज्य संघ, उपभोक्ता अधिकार संरक्षण संस्थाहरु। | अनुगमन गर्ने। | | |
| | | च) चाडपर्बको बखत हुने जुत्ता चप्पलको अधिक विक्रीका बखत हुन सक्ने उपभोक्ता ठगीलाइ नियन्त्रण गर्न उक्त क्षेत्रहरुको सघन अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा २० वटा र कार्तिक महिनामा कम्तीमा २० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | छ) हार्डवयेर, निर्माण समाग्री, मेशीनरी औजार तथा भाडाकुडा विक्री वितरण गर्ने ब्यापारिक स्थलहरुको अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा २० वटा र कार्तिक महिनामा कम्तीमा ६० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ज) अत्यावश्यक पेय पदार्थ पानी उत्पादन गर्ने उद्योगको बैधता, गुणस्तरको मापदण्ड तथा संसदीय समितिबाट कायम भएको र विभागबाट जारी भएको निर्देशन अनुसार विक्री मूल्य कायम भए नभएको विषयमा अनेगमन गर्ने। | | असोज महिनामा कम्तीमा ५ वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | झ)औषधी, आयुर्बेदिक, जडीबुटी, अस्पताल क्लिनिकहरुको मापदण्ड, उपभोक्ता अधिकार, मूल्यका विषयमा अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा १० वटा र कार्तिक महिनामा कम्तीमा १० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ञ) उपत्यका भित्रका तथा राजमार्गका होटेल तथा रेष्टुराको संचालन हुने प्राइम समयमा मूल्य, गुणस्तर, विलबिजक तथा | | असोज महिनामा कम्तीमा ४० वटा र कार्तिक महिनामा कम्तीमा ३० वटा व्यवसायिक स्थलहरुको | | |

| क.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार/ सहयोगी निकाय | उपलब्धि मापन सूचक | अपेक्षित उपलब्धि | कै |
|---|---|---|---|---|---|---|
| | | विभागबाट निर्देशन भए बमोजिमको सम्पुर्ण मुल्य एकमुष्ट राखी मेनु तयार गरे नगरेको सम्बन्धमा खाद्य विज्ञ सहितको टोलीले अनुगमन गर्ने। | | अनुगमन गर्ने। | | |
| | | ट) मोटर गाडी तथा अटोपार्टस व्यवसायको अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा १० वटा र कार्तिक महिनामा कम्तीमा १० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ठ) चाडपर्बको बखत खपत हुने मदिरा तथा सूर्तिजन्य व्यवसायको व्यवसायिक कारोवार गोदाम लगायतका स्थलहरुको अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा १० वटा र कार्तिक महिनामा कम्तीमा २० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ड) विभागबाट विगतका विभिन्न समयमा भएको अनुगमनमा कैफियत देखिएको व्यवसाय मध्येको पेट्रोल, डिजेल, मट्टीतेल तथा ग्यासजन्य व्यवसायको विज्ञ टोली समेतको सहभागीतामा अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा ५ वटा र कार्तिक महिनामा कम्तीमा २ वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ढ) स्वास्थ्यसंग सम्बन्धित व्यवसायहरु सर्जिकल, मेडिकल तथा केमिकल कारोवारको सम्बन्धित विषयविज्ञ टोली समेतको संलग्नतामा अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा १० वटा र कार्तिक महिनामा कम्तीमा ५ वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| | | ण) पोल्ट्री सम्बन्धी उद्योग, फर्म, एग्रोभेट र कृषि जन्य कारोवारको संयुक्त टोलीद्धारा अनुगमन गर्ने। | | असोज महिनामा कम्तीमा १० वटा र कार्तिक महिनामा कम्तीमा १० वटा व्यवसायिक स्थलहरुको | | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार/ सहयोगी निकाय | उपलब्धि मापन सूचक | अपेक्षित उपलब्धि | कै |
|---|---|---|---|---|---|---|
| | | | | अनुगमन गर्ने। | | |
| | | त) विभागमा विभिन्न माध्यबाट प्राप्त हुने उजुरी र गुनासोमा आधारित विषयहरुमा स्थलगत अनुगमन गरी उपभोक्ताहरुको गुनासो सुनुवाइ गर्ने। | | प्राप्त संख्या अनुसार तथा विभागको विगत महिनाको उजुरी र गुनासो प्राप्तिको प्रबृति अनुसार असोज महिनामा कम्तीमा ४५ वटा र कार्तिक महिनामा कम्तीमा ३० वटा गुनासो फर्स्योट गर्ने। | | |
| | | थ) उल्लिखित बाहेक विविध क्षेत्रगत व्यापार व्यवसाय र उपत्यका बाहिर उपभोक्ता हित, मूल्य र गुणस्तरका सवालमा संयुक्त बजार गर्ने। | | असोज महिनामा कम्तीमा ८० वटा र कार्तिक महिनामा कम्तीमा ३० वटा व्यवसायिक स्थलहरुको अनुगमन गर्ने। | | |
| २ | बजारमा समयसमयमा देखिने तथा उपभोक्ताहरुबाट प्राप्त हुने मूल्य वृद्धि सम्बन्धी गुनासाको सम्बन्धमा यथार्थता बजार मूल्य विश्लेषणका गर्ने। | पैठारीकर्ता, उत्पादक र वितरकबाट अत्यावश्यक वस्तुको लागत सम्बन्धी विवरण माग गरी अध्ययन गर्ने, उत्पादन तथा व्यवसायिक स्थलहरुमा स्थलगत अध्ययन गर्ने, विक्री सम्बन्धि विवरण प्राप्त गरी यथार्थ प्रतिबेदन प्राप्त गर्ने। | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र सरोकारवाला निकायहरु। | यथार्थ अध्ययन विवरण प्राप्ति। | अस्वभाविक मूल्य वृद्धि गरी उपभोक्ता ठगीको कार्य प्रमाणित भएमा कानून बमोजिम आवश्यक कारवाही अघि बढाउने। | |
| ३ | बजार अनुगमन निर्देशिका, २०७९ अनुसार विषयगत अनुगमन टोली परिचालन गर्ने र तोकिए बमोजिमको टोली संयोजनको व्यवस्था मिलाउने। | बजार अनुगमन निर्देशिका, २०७९ अनुसार विषयगत अनुगमन टोली गठन र परिचालन गर्ने। | बजार अनुगमन निर्देशिका, २०७९ अनुसार तोकिएका विषयगत टोली, वाणिज्य, आपूर्ति तथा उपभोक्ता | विषयगत टोलीबाट टोलीको संयोजन र तदनुरुपको कारवाही। | बजार अनुगमन निर्देशिका, २०७९ अनुसार तोकिएका विषयगत टोलीबाट संयोजन भइ बढी प्रभावकारी हुने कानूनको प्रयोग गरी कारवाही भइ उपभोक्ता संरक्षण भएको हुने। | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार/ सहयोगी निकाय | उपलब्धि मापन सूचक | अपेक्षित उपलब्धि | कै |
|---|---|---|---|---|---|---|
| | | | संरक्षण विभाग र सरोकारवाला निकायहरु। | | | |
| ४ | उपभोक्ता संरक्षण ऐन, नियमावली तथा उपभोक्ता संरक्षणसंग सम्बन्धित प्रचलित कानूनहरुको सचेतना अभिवृद्धि। | अन्तरक्रियाको माध्यमबाट तथा बजार अनुगमनका क्रममा पैठारीकर्ता, उत्पादक, वितरक तथा खुद्रा विक्रेताहरुलाइ व्यवसायिक दायित्वको बारेमा सचेत गराउने, उपभोक्ताहरुलाइ उपभोक्ता अधिकार सम्बन्धी विषयमा जानकारी ससुचित गराउने। | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र सरोकारवाला निकायहरु, मिडियाकर्मीहरु तथा उपभोक्ता संरक्षण कर्मी संस्थाहरु। | जागरण र सचेतना। | जागरुक र सचेत स्तर भएको हुने। | |
| ५ | संबैधानिक व्यवस्था अनुसार बजार अनुगमन कार्यमा ३ वटै तहका सरकारको जिम्मेवारी र क्रियाशीलता बढाउने। | ३ तहको सरकारबाट उपभोक्ता हित र अधिकार संरक्षण गर्न बजार अनुगमन कार्यक्रम निरन्तर सञ्चालन गरी प्रभावकारी र प्रदर्शनीय बनाउन अनुगमन टोली खटाउने। | प्रदेश सरकार, स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय र सरोकारवाल निकायहरु। | निरन्तर बजार अनुगमन र कारवाही। | उपभोक्ता हित संरक्षण, मूल्य वृद्धि, क्रित्रिम अभाव नियन्त्रण र स्वच्छ बजार कायम भएको हुने। | |
| ६. | बजार अनुगमन कार्यको गुणस्तर र निरीक्षण अधिकृतहरुको दक्षता अभिवृद्धि र आचारसंहिता पालना गर्ने। | समयानुकुल प्रविधि, विधि र पद्धतिसंग अभ्यस्त र अद्यावधिक गरी बजार अनुगमन कार्यको गुणस्तर बृद्धि गर्न दक्षता अभिवृद्धि गर्ने, आवश्यक श्रोत साधन तथा सुरक्षा व्यवस्था तथा बजार अनुगमन आचारसंहिता पालना गराउने। | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, प्रदेश सरकार, स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय र | बजार अनुगमनमा गुणस्तरीयता, उपभोक्ता सन्तुष्टि र आचारसंहितको पालना। | निरीक्षण अधिकृतहरुको क्षमता अभिवृद्धि, बजार अनुगमन कार्यको गुणस्तरीयता वृद्धि तथा आचारसंहिता पूर्ण पालना भएको हुने। | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार/ सहयोगी निकाय | उपलब्धि मापन सूचक | अपेक्षित उपलब्धि | कै |
|---|---|---|---|---|---|---|
| | | | सरोकारवाला निकायहरु। | | | |
| ७ | इन्टेलिजेन्स टोली परिचालन गर्ने। | चाडपर्व लक्षित बजार अनुगमन कार्यको लागि विभागबाट खटीएको १० वटा टोलीका अलवा २ वटा विशेष इन्टेलिजेन्स टोली परिचालन गरी उपभोक्ता ठगी, कालाबजारी तथा क्रित्रिम अभाव र मूल्य वृद्धि सम्बन्धमा बजारमा सुक्ष्म ढंगले अनुगमन गरी सूचना लिइ विशेष अनुसन्धान र प्रदर्शनीय कारवाही गर्ने। | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग। | सूचना प्रप्ति र प्रदर्शनीय कारवाही। | विशेष इन्टेलिजेन्स टोलीवाट प्राप्त तथ्य र सूचनाका आधारमा उपभोक्ता ठगी, कालाबजारी तथा क्रित्रिम अभाव र मूल्य वृद्धि सम्बन्धमा विशेष अनुसन्धान र प्रदर्शनीय कारवाही भएको हुने। | |
| ८ | उपभोक्ता हित संरक्षणसंग सम्बन्धित सरोकारवालसंग सहकार्य, समन्वय गर्ने। | सरकारी, निजी क्षेत्र, उपभोक्ता संरक्षणकर्मी, मिडिया लगायतका सरोकारवाला निकायसंग स्वच्छ बजार कायम गर्न तथा वस्तु र सेवाको मूल्य र गुणस्तर कायम गर्ने कार्यमा सहकार्य र समन्वय गर्ने, विभागले सम्पादन गरेका कार्यहरुको आधिकारिक वेवसाइटमा प्रकाशन, पाक्षिक समीक्षा र पत्रकार सम्मेलन गर्ने। | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, विषयगत टीली, प्रेस, मिडिया, उपभोक्ता संरक्षणकर्मी । | सहकार्य र समन्वयको पटक। | सरोकारवाला निकायसंय सहकार्य र समन्वय भइ उपभोक्ता हित संरक्षण भएको हुने। बजार नैतिक, स्वच्छ, प्रतिस्पर्धी र अनुशासित भइ उपभोक्ताको सन्तुष्टि भएको हुने। | |

**बजार अनुगमन टोलीको गठन र संरचनाः**

देहाय अनुसारको जनशक्ति सम्मिलित चाडपर्व लक्षित बजार अनुगमन टीलीको संरचना हुनेछ।

| **टोली नं १** | **टोली नं २** | **टोली नं ३** |
|---|---|---|
| १. राम प्रसाद पौडेल | १. अच्युतराज रेग्मी | १. केशब प्रसाद उपाध्यय |
| २. अजय कुमार देवकोटा | २. नारायण प्रसाद भट्टराइ | २. गिरीराज मिश्र |
| ३. संगीता खड्का | ३. दुर्गा देबी अर्याल | ३. बुद्धिमान प्रधान |
| ४. मीरा कुमारी सुब्बा | ४. विषयगत निकाय-१ र ह.स.चा. | ४. विषयगत निकाय-१ र ह.स.चा. |
| ५. विषयगत निकाय-१ र ह.स.चा. | | |

| **टोली नं ४** | **टोली नं ५** | **टोली नं ६** |
|---|---|---|
| १. घनश्याम सुबेदी | १. भेष बहादुर कुँवर | १. अर्जुन कार्की |
| २. दिपेन्द्र रेग्मी | २. लोकेन्द्र सिंह नेगी | २. उमा श्रेष्ठ |
| ३. गुमान बहादुर बस्नेत | ३. तारानाथ निरौला | ३. गोबिन्द प्रसाद पराजुली |
| ४. विषयगत निकाय-१ र ह.स.चा. | ४. विषयगत निकाय-१ र ह.स.चा. | ४. विषयगत निकाय-१ र ह.स.चा. |

| **टोली नं ७** | **टोली नं ८** | **टोली नं ९** |
|---|---|---|
| १. नन्देश्वर डंगोल | १. अमित झा | १. राजन कडेंल |
| २. नितु भट्टराइ | २. शेर बहादुर बस्तेत | २. तारदेबी न्यौपाने |
| ३. राधाकृष्ण कोइराला | ३. प्रतिभा पौडेल | ३. रोमिशा राइ |
| ४. विषयगत निकाय-१ र ह.स.चा. | ४. विषयगत निकाय-१ र ह.स.चा. | ४. विषयगत निकाय-१ र ह.स.चा. |

| **टोली नं १०** |
|---|
| १. विजय कुमार भट्टराइ |
| २. लोकराज सुबेदी |
| ३. पार्थकृष्ण पोखरेल |
| ५. विषयगत निकाय-१ र ह.स.चा. |

- **२ वटा इन्टेलिजेन्स टोली विभागमा मौजुदा कर्मचारीहरु मध्येबाट निर्देशकको संयोजकत्वमा परिचालन गरिनेछ।**

**श्रोत साधन र सुरक्षा संयन्त्रसंगको समन्वयः**

विभागमा रहेको मौजुदा जनशक्तिको अधिकतम परिचालन तथा बजार अनुगमन निर्देशिका, २०७९ अनुसार तोकिएका विषयगत टोली सम्बन्धित मन्त्रालय तथा विभागबाट तोकिएका निरीक्षण अधिकृतहरु मध्येबाट बजार अनुगमन टोलीको गठन गरी परिचालन गरिनेछ। सवारी साधन र चालक विभागमा मौजुदा रहेकोले नपुग हुँदा विषयगत टोली सम्बन्धित मन्त्रालय तथा विभागबाट माग गरिनेछ। विभागको आर्थिक वर्ष २०८०/८१ को लागि बजार अनुगमन शीर्षकमा विनियोजित बजेटबाट बजार अनुगमन टोलीलाइ खाजा खर्चको व्यवस्था हुनेछ। संबेदनशील क्षेत्र र विषयसंग सम्बन्धित अनुगमनमा सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालयसंग समन्वय र सहकार्य गरिनेछ।

**प्रगतिको प्रकाशनः**

संयुक्त बजार अनुगमनबाट सम्पादन भएका क्रियाकलाप, बजार क्षेत्र तथा कारवाहीको विवरण प्रत्येक दिन बेलुका विभागका महानिर्देशकको कार्यकक्षमा समीक्षा गरी विभागको वेवसाइटमा प्रकाशन गर्नुका साथै प्रेस विज्ञप्ति समेत प्रकाशन गरिनेछ। पाक्षिक रुपमा बजार अनुगमनको समीक्षा र प त्रकार सम्मेलनको आयोजना गरी प्रगति प्रकाशन गरिनेछ।

**गुनासो र उजुरीको सुनुवाइः**

बजारमा देखिने गैरब्यवसायिक क्रियाकलाप, उपभोक्ता ठगी, अनुचित व्यापारिक क्रियाकलाप, बिल विजक जारी नगर्ने, न्युन गुणस्तरीय वस्तुको बिक्री वितरण, लगायतका क्रियाकलापलाइ न्यूनीकरण गर्न तथा स्वच्छ बजार कायम गरी उपभोक्ताको अधिकार संरक्षण गर्न विभाग निरन्तर रुपमा क्रियाशील रहेको हुँदा उपभोक्ताहरु कही कतै ठगिएको तथा उपभोक्ता अधिकारबाट बञ्चित भएमा विभागको टोल फ्रि नम्वर ११३७, उजुरी पोर्टल CRMIS मा उजुरी वा गुनासो दर्ता गरेर र विभागमा सोझै उपस्थित भइ लिखित वा मौखिक उजुरी तथा गुनासो दर्ता गर्न सक्नेछन्। यसका अलावा नियामक निकायहरुबाट तथा हेलो सरकारबाट प्राप्त भएका उजुरी तथा गुनासोहरुका सम्बन्धमा विभागबाट तुरुन्तै स्थलगत अनुगमन गरी आवश्यक कारवाही गरिनेछ।